# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः २९, मितिः २०८१/०१/२४

## भाग - २

# लेकम गाउँपालिका उद्यम विकास कोष संचालन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

**प्रस्तावनाः** लेकम गाउँपालिका आफैंले पनि आन्तरिक स्रोतको व्यवस्थापन गरी गाउँपालिकामा उद्यमशीलताको विकास गर्नु जरुरी भएको छ । यस गाउँपलिकाबाट सरकारी वेतनधारीहरूको केही महिनाको पारिश्रमिक जम्मा गरी एउटा कोष निर्माण गर्ने र सो कोषबाट गरिब तथा विपन्न तर केही गरौं भन्ने जोशजाँगर लिएको वर्गलाई ऋणस्वरुप केही आर्थिक सहायता प्रदान गरी उद्यमशीलताको विकास गर्ने अभिप्रायले यो कोषको स्थापना गरिएको हो। गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् कामकारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि गाउँपालिकाको समग्र पक्षको विकास गर्ने लक्ष यो कोषको रहेको छ । तसर्थ स्थानीय सरकार ऐन २०७४ को भाग १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाको बैठकद्वारा "लेकम गाउँपालिको उद्यम विकास कोष संचालन कार्यविधि, २०८०" तर्जुमा गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लेकम गाउँपालिकाको उद्यम विकास कोष संचालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि लेकम गाउँपालिकाको गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "लेकम गाउँपालिकाको उद्यम विकास कोष कार्यविधि, २०८०" भन्नाले प्रचलित ऐन, नियमावली बमोजिम लेकम गाउँपालिकाको गाउँकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित उद्यम विकास कोष कार्यविधिलाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले गाउँपालिकाका कर्मचारीले सुरुमा आफ्नो केही महिनाको वेतनवाट जम्मा गरी सुरु भएको र त्यसपछि यो कोषमा प्राप्त हुने सबै प्रकारको रकमलाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले लेकम गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(घ) "अनुगमन समिति" भन्नाले यस कोषको अनुगमन तथा संचालन गर्ने समितिलाई सम्झनुपर्छ ।

(च) "कार्यपालिका" भन्नाले लेकम गाउँकार्यपालिका सम्झनुपर्छ।

(छ) "पदाधिकारी" भन्नाले लेकम गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यस शब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरूसमेतलाई सम्झनुपर्दछ ।

(ज) "सभा" भन्नाले लेकमगाउँसभालाई बुझाउनेछ।

(झ) "स्थानीय तह" भन्नाले नेपालको संविधानबमोजिमको लेकम गाउँपालिकालाई सम्झनुपर्छ।

(ण) "गाउँपालिका" भन्नाले लेकम गाउँपालिकालाई सम्झनु पर्नेछ ।

**३. कार्यवधिको उद्देश्यः** यस कार्यवधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) गाउँपालिले उद्यमशीलताको विकास गरी कर्मचारीको प्रयासद्वारा कोष स्थापना गर्ने र सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहितापूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्याउने,

(ख) गाउँपालिकाको स्रोतलाई प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) गरिब तथा विपन्न वर्गको उत्थान गर्ने,

(घ) गाउँपालिकामा भएका स्रोत र साधनको प्रभावकारी उपयोग गर्ने,

(ङ) गरिबी निवारण गर्दै आत्मनिर्भरताको विकास गर्ने,

(छ) रोजगारीको अवसर सिर्जना गर्ने,

(ज) सहभागितामूलक कार्यसम्पादनको विकास गर्ने,

(झ) उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(ज) उत्प्रेरणाको विकास गर्दै सिर्जनशीलतको विकास गर्ने ।

**४. कोषको स्थापनाः** १) स्थानीय गाउँपालिकाबाट वेतनधारीको केही महिनाको पारिश्रमिक जम्मा गरी कोष जम्माको सुरुवात गरिनेछ र त्यस कोषको अधिकतम परिचालन गरिनेछ ।

२) उपनियम १ बमोजिमको कोषमा देहाय वमोजिमको रकम प्राप्त हुनेछः

क) गाउँपालिकाबाट पारिश्रमिक लिने कर्मचारीहरूवाट प्राप्त रकम,

ख) लगानी गरिएको रकमबाट प्राप्त हुने ब्याज रकम,

ग) अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम ।

**५. कोषमा रकम जम्मा गर्ने:** १) गाउँपालिकाबाट पारिश्रमिक वा सेवा सुविधा लिने सबै जनप्रतिनिधिहरू, निजामति वा अन्य सबै सेवाका कर्मचारीहरूको कम्तीमा एक महिनाको पारिश्रमिक उठाई कोषमा जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम उठाउने र जम्मा गर्ने दायित्व कार्यालय प्रमुखको हुनेछ ।

(३) उद्यम विकास कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट बैङ्किङ कारोवार गर्न इजाजतप्राप्त कुनै बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

(४) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने अधिकार कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

६. **कोषको प्रयोगः** कोषमा जम्मा भएको रकम गाउँपालिकाभित्र कुनै उद्यम वा सिर्जनात्मक कार्य गर्न उत्साही उद्यमीलाई न्यूनतम ब्याजमा दृष्टिबन्धक राखी लगानी गरिनेछ । कोष संचालन सम्बन्धी निर्णय गर्ने अधिकार पूर्णतः सञ्चालक समितिलाई हुनेछ ।

(१) नियम ५ बमोजिम रकम विनियोजन गर्न तथा विनियोजित रकमवाट सञ्चालित कार्यको अनुगमन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको संचालक समिति गठन हुनेछ ।

(क) अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) वडाध्यक्षहरूमध्येबाट दुई जना - सदस्य

(घ) कार्यपालिका सदस्यमध्येबाट दुई जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरूले समितिको बैठकमा भाग लिएबापत गाउँकार्यपालिकाले तोकेबमोजिमको बैठक भत्ता पाउनेछन् ।

(४) समितिको कार्य संचालन गर्न र कोषको उपयोग सम्बन्धमा अनुगमन गर्न आवश्यक पर्ने जनशक्ति र बजेट समितिले स्वीकृत गरेबमोजिम हुनेछ ।

(५) उपनियम (४) को प्रयोजनको लागि समितिले स्वीकृत गर्ने बजेटको अधिकतम हद कोषको रकमको एक प्रतिशतभन्दा बढी हुने छैन ।

७. **कोषको व्यवस्था र संचालनः** उद्यम विकास कोषको संचालन, व्यवस्थापन तथा संरक्षणको सम्पूर्ण अधिकार सञ्चालक समितिलाई हुनेछ ।

(१) यस नियमावली बमोजिम कोषमा जम्मा हुने रकम समितिले तोकिदिएको बैङ्कमा खाता खोली जम्मा गरिदिनेछ ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको सञ्चालन समितिले तोकेको कुनै पदाधिकारी र सदस्य सचिवको संयुक्त दस्तखतवाट हुनेछ ।

(३) कोषमा जम्मा भएको रकममध्येवाट समितिले तोके बमोजिमको बचत रकम गरी जगेडा कोषको रूपमा राख्न सकिनेछ ।

८. **कोषको लगानीः** यस कोषमा जम्मा भएको रकम न्यूनतम ब्याजदरमा उद्यम गर्न चाहनेहरूलाई लागानी गरिनेछ । लगानी गर्दा आवश्यक निम्नलिखित कागजातहरू समावेश गर्नु पर्नेछ । निवेदनसाथ कागजात पेस गरेको एक महिनाभित्र समितिले धितो र उद्यमशीलताको प्रस्ताव हेरी लगानी गर्ने वा नगर्ने निर्णय सम्बन्धित उद्यमीलाई जानकारी गराउनेछ । निवेदन फारामसाथ निम्नलिखित कागजातहरू पेस गर्नुपर्नेछः

१) जग्गाधनी प्रमाणपूर्जा सक्कलै प्रति,

२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३) पासपोर्ट साइजको फोटो तीन प्रति,

४) हकवालाको मन्जुरीनामा,

५) उद्यमको विवरण र प्रस्ताव ।

९. **धितो मूल्याङ्कन, बन्धक र असुली:** उद्यम विकास कोष सञ्चालक समितिले बैङ्कसरह धितो मूल्याङ्कन गर्न र ब्याजदर निर्धारण गर्न सक्नेछ । साथै यसले धितो बन्धक राख्ने र तोकिएको समयमा सावाँ र ब्याज रकम नतिरेको खण्डमा धितो लिलाम गर्ने सम्मको अधिकार प्राप्त गरेको छ ।

१०. **बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका